# चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन,२०८२

चाँगुनारायण नगरपालिका
भक्तपुर
बागमती प्रदेश, नेपाल

# चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावना :** चाँगुनारायण नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम चाँगुनारायण नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "चाँगुनाराण नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि चाँगुनारायण नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूचि -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घरको मूल्यांकन दर अनुसूचि -२ तथा घरको ह्रास कट्टीको दर अनुसूचि -३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **भुमिकर/मालपोत :** (१) नगरपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा **भुमिकर/मालपोत** लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने **भुमिकर/मालपोतको** दर अनुसूचि -४ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **घर जग्गा बहाल कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ बमोजिम बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर तथा वहाल रकमको मूल्यांकन सम्वन्धी व्यवस्था अनुसूचि -५ मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **व्यवसाय कर :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा कर तथा गैर कर राजस्व ऐन, २०८२ बमोजिम व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गिकरण गरी व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरुको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असुली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने व्यवसाय करको दर अनुसूचि -६ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको



जीवन खत्री
नगर प्रमुख

हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनसूचि -७ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनीलाई दफा ५ बमोजिम व्यबसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइने छैन ।

७. **सवारी साधन कर :** (१) नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नविकरणमा नगरपालिकाले सवारी साधनमा कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूचि -८ मा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०८२, बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूचि-९ मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क :** (१) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूचि -१० मा तोकिए बमोजिम हुनेछ ।

११. **पार्किङ्ग शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूचि -११ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) निजी स्वामित्वको जग्गामा पार्किङ्ग स्थल व्यबस्थापन गरी सवारी साधनको पार्किङ्ग सुविधा उपलब्ध गराउने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

१२. **सेवा शुल्क :** नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका अनुसूचि -१२ मा उल्लेखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा उल्लेखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर :** नगरपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, इजाजत जस्ता प्रशासनिक सेवामा अनुसूचि-१३ मा उल्लेखित दरमा सेवाशुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

१४. **पर्यटन शुल्क :** नगरपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुमा प्रवेश गर्ने विदेशी पर्यटकहरुबाट अनुसूचि -१४ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१५. **विक्री गर्न सक्ने :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवम् माटो जस्ता साधारणनिर्माणमुखी खानीजन्य वस्तुहरु तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक मुहानबाट उत्पादन हुने पिउने पानी तथा नक्शा पासका लागि आवश्यक निबेदन, फाईल, वोलपत्र वा दरभाउपत्र फाराम आदि अनुसूचि - १५ मा उल्लेख भए बमोजिमको दरमा विक्री गर्नेछ ।



जीवन क्षेत्री
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम साधारण निर्माणमुखी खानीजन्य बस्तुको विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परीक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, बालुवा एवम् माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र विक्रीमा अनुसूचि -१६ बमोजिमको दरमा शुल्क लगाई असुल उपर गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको उत्खनन्, संकलन र विक्री गर्न चाहने व्यक्तिले नगरपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम इजाजत लिनु पर्नेछ ।

(५) नगरपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने पाँगो माटो र काँचो ईटामा अनुसूची -१७ बमोजिमको दरमा विक्री शुल्क लगाई असुल उपर गर्नेछ ।

(६) नगरपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने बोधिचित्तमा अनुसूचि - १५ मा उल्लेख भएबमोजिमको दरमा विक्री शुल्क असुल उपर गर्नेछ ।

१६. **सामुदायिक बनबाट आय प्राप्त गर्ने** : नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्रीमा कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ बमोजिम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१७. **भाडामा लगाउन सक्ने** : नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूचि-१८ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ ।

१८. **हर्जाना दण्ड जरिवाना** : (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ मा तोकिएको दरमा र सो ऐनमा दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूचि -१९ मा उल्लेखित दरमा दण्ड जरिवाना लगाई असुल उपर गर्न सक्नेछ ।

१९. **कर छुट** : (१) नगरपालिकालाई बार्षिक रुपमा तिर्नु पर्ने सम्पति कर/भूमिकर सोही आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करमा दश प्रतिशत छुट दिन सक्नेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(२) प्राकृतिक विपत्ति, महामारी र अन्य यस्तै प्रकारका सामाजिक तथा चरम राष्ट्रिय आर्थिक संकटको अवस्थामा गम्भीर असर पर्ने अवस्थाको सिर्जना भएमा कार्यपालिकाले सभाबाट अनुमोदन गर्ने गरी कर छुट दिन सक्नेछ ।

जीवन खत्री
नगर प्रमुख

२०.रकम दाखिला : (१) वडा सिलिङ र वडा नगर साझेदारी बाहेकका योजनाहरुको नगरपालिकाले प्रथम पटक आव्हान गरेका ठेक्कामा प्रस्तावित रकम भन्दा कम अङ्क कबोल भई सम्झौता भएका योजनाहरुबाट बचत हुन आउने रकम नगरपालिकाको संचित कोषमा दाखिला गरिनेछ ।

२१. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -१

(दफा २ को उपदफा (२) सँग सम्वन्धित)

**सम्पत्ति करको दर**

| सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| दश लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ६० |
| दश लाख एक रुपैया देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु ६ |
| पचास लाख एक रुपैया देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु ८ |
| एक करोड एक रुपैया देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु ११ |
| दुई करोड एक रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु १३ |
| तिन करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु १४ |
| पाँच करोड एक एक रुपैया वा सो भन्दा माथि | प्रति लाख रु २२ |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**उदाहरण: उक्त दर अनुसार लाग्ने कर**

| मुल्यांकन लाखमा | करको दर प्रति लाख | कर रकम |
|---|---|---|
| ५ | | ६० |
| ५० | ६ | ३०० |
| ७० | ८ | ५६० |
| १०० | ८ | ८०० |
| २०० | ११ | २२०० |
| २५० | १३ | ३२५० |
| ३०० | १३ | ३९०० |
| ५०० | १४ | ७००० |
| १००० | २२ | २२००० |

अनुसूचि -२

(दफा २ को उपदफा (३) सँग सम्वन्धित)

**घरको मूल्यांकन दर**

| प्रकार | वनोट | उपयोग | मूल्यांकन प्रति वर्ग फिट रु. |
|---|---|---|---|
| भवन | आर.सि.सि. फ्रेम स्टक्चर | व्यापारिक, औद्योगिक तथा संस्थागत | ३००० |
| भवन | आर.सि.सि. फ्रेम स्टक्चर | घरायसी | २५०० |
| गोदाम वा अन्य संरचना | आर.सि.सि. फ्रेम स्टक्चर | व्यापारिक, औद्योगिक तथा संस्थागत | २५०० |
| भवन | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | २३०० |
| भवन | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | घरायसी | २००० |



जीवन खत्री
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| गोदाम वा अन्य संरचना | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | २००० |
| भवन | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | १८०० |
| भवन | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | घरायसी | १५०० |
| गोदाम वा अन्य संरचना | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | १५०० |
| गोदाम वा अन्य संरचना | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | १००० |
| भवन | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | घरायसी | ७५० |
| सेड | जस्ता वा टायलको छाना भएको | सबै उपयोग | ५०० |
| कच्ची घर | कच्ची छाना भएको | सबै उपयोग | १०० |

नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनौटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

अनुसूचि -३

(दफा २ को उपदफा (३) सँग सम्वन्धित)

**घरको ह्रास कट्टी दर**

| वनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| कच्ची छाना भएको | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -४

(दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

| आ.ब. ०२४/२५-०४९/५० | | आ.ब. ०५०/५१-०५९/६० | | आ.ब. ०६०/६१-०६८/६९ | | आ.ब. ०६९/७०-०७२/७३ | | आ.ब. ०७३/७४-०७४/७५ | | आ.ब. २०७५/७६ - ०७९/८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहाडी | उपत्यका | पहाडी | उपत्यका | पहाडी | उपत्यका | पहाडी | उपत्यका | पहाडी | उपत्यका | रु १६० | एक रोपनी(१-०-०-०) सम्मको रु २०० र सो भन्दा माथिको प्रतिआना रु.१० |
| रु २।५६ | रु ५ | रु ५ | रु १० | रु १० | रु २५ | रु २५ | रु ५० | रु ५० | रु ८० | | |

आ व २०८२।०८३ को लागी मालपोत/भूमिकर (घरले चर्चेको क्षेत्रफल बाहेक बाँकी जग्गा र घर नभएको जग्गामा समेत लाग्ने)

| सि.नं. | विवरण | आ व २०८१।०८२ को लागि एक रोपनी सम्मको | आ व २०८२।०८३ को लागि एक रोपनी सम्मको |
|---|---|---|---|
| १. | क) पक्की मोटर बाटोमा जोडिएका जग्गाहरु | रु ३५०। | रु ३५०। |
| २. | क) कच्ची मोटर बाटोमा जोडिएका जग्गाहरु | रु २५०। | रु २५०। |
| ३. | ग) गोरेटो बाटो जोडिएका जग्गाहरु | रु २२५। | रु २२५। |
| ४. | घ) बाटो नभएको जग्गाहरु | रु २००। | रु २००। |

एक रोपनी भन्दा बढी क्षेत्रफल भएको जग्गामा प्रतिआना थप रु १०।- भूमिकर/मालपोत लाग्नेछ ।
("घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत सम्झनुपर्छ)

**बक्यौता मालपोत सम्बन्धमा:**

आ.व. २०८१।०८२ का लागि १० प्रतिशत र सो भन्दा अगाडिका आ.व.का लागि ३० प्रतिशत बक्यौता रकममा जरिवाना लाग्नेछ ।

२२. सम्पत्ति कर तथा भूमिकर असूल गर्दा प्रत्येक करदातासँग सडक बत्ति शुल्क (उज्यालो नगर अभियान वापत) रु ५०।- समेत असुल उपर गरिनेछ ।

जीवन खत्री

नगर प्रमुख

अनुसूचि -५
(दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

**घर जग्गा बहाल करको दर**

| जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|
| इटा भट्टा तथा वार्षिक लेखा परीक्षण गराउने दायित्व भएका संस्थाहरुले वहालमा लिएको जग्गा र घरको (VAT दर्ता भएका सबै फर्म/कम्पनीहरु) | बहाल रकमको १० प्रतिशत |
| अन्य व्यापार तथा व्यवसायिक प्रयोजनकालागि लिएको घरको (PAN दर्ता भई रु ५ लाख भन्दा कम पूँजी भएका सबै व्यवसायहरु) | बहाल रकमको ७ प्रतिशत |
| अन्य व्यापार तथा व्यवसायिक प्रयोजनकालागि लिएको जग्गाको ( PAN दर्ता भई रु ५ लाख भन्दा कम पूँजी भएका सबै व्यवसायहरु) | बहाल रकमको ५ प्रतिशत |
| घरायसी प्रयोजनकालागि लिएको घरको | बहाल रकमको ५ प्रतिशत |
| कृषि प्रयोजनकालागि लिएको जग्गाको | बहाल रकमको २ प्रतिशत |

**बहाल कर सम्बन्धमा थप व्यवस्थाः**

➢ गाडी बहाल, मेशिन औजार बहालमा बहाल रकमको ५ प्रतिशत बहाल कर लाग्नेछ ।

➢ घर जग्गा बहाल कर सम्झौता भए सम्झौता अनुसार, सम्झौता उपलब्ध नभए घर जग्गा धनी वा बहालमा बस्नेले दिएको निवेदनमा उल्लेख भएको बहाल रकममा तोकिएको प्रतिशतले कर लगाई असूल गर्ने । सम्झौता तथा निवेदनमा उल्लेख भएको बहाल दर चलन चल्ती भन्दा फरक देखिएमा तथा बहालमा बसेको अवधि सम्बन्धमा प्रष्ट नभएमा वडा कार्यालयबाट स्थलगत निरीक्षण गराई बहाल रकम तथा अवधि यकिन गर्न सकिनेछ ।

➢ घर, जग्गा बहाल कर बहालमा दिने धनी लाई लाग्ने भएपनि बहालकर नगरपालिकालाई बुझाउने दायित्व बहालमा दिने तथा लिने दुवैको हुनेछ । बहालमा बस्नेले घरधनीलाई बुझाउने बहालमा कट्टा गरी कट्टी गरिएको कर रकम नगरपालिकामा बुझाउन सक्नेछ । बहाल कर बहालमा दिने र लिने दुवै पक्ष सग दोहोरो नपर्ने गरी असूल गर्न सकिनेछ ।

➢ व्यवसाय दर्ता तथा नविकरणमा बहाल कर समेत बुझाउनु पर्नेछ । बहालमा बसेको भए बहाल कर तिरेको रसीद, आफ्नै घर भए घर भएको प्रमाण,घर जग्गा कर तिरेको प्रमाण वा घरधनी प्रमाण–पुर्जा हेरी ।) पेश गर्नु पर्नेछ ।

➢ सामान्य सिफारिस (नागरिकता, छात्रवृति, अपांगता, स्वास्थ्य उपचार, शैक्षिक ऋण, घटना दर्ता) बाहेक न.पा. वा वडाबाट प्रदान गरिने अन्य सिफारिस लगायतका सेवा लिनु अघि नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर साथै बहाल कर तिर्नु पर्नेछ ।



जीवन खत्री
नगर प्रमुख

➢ बहाल निर्धारणको लागि निवेदन, सम्झौता पत्र वा लेखापरीक्षण भएको वित्तिय विवरण (अडिट रिपोर्ट, ब्यालेन्स सिट नाफा–नोक्सान खाता) वा व्यवसाय दर्ता निवेदनमा उल्लेख गरेको रकमलाई आधारमानी सो मा उल्लेखित बहाल रकममा कर लिन सकिनेछ ।

➢ व्यवसाय दर्ता तथा नविकरण लगायतमा साधारणतया १ बर्षको बहाल कर लिने, सम्झौताको शर्त तथा अवस्था हेरी न्यूनतम ६ महिनाको बहाल कर लिन सकिनेछ । बहालमा बस्ने पक्ष छोडी गएको वा नबस्ने भरपर्दो आधार प्रस्तुत भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा स्थलगत प्रतिवेदन लिई १ बर्ष भन्दा कम अवधिको बहाल कर लिन सकिनेछ ।

➢ बैदेशिक प्रयोजनको हकमा तथा बैक प्रयोजन लगायत पटके कार्यको हकमा बहाल सम्झौता न्यूनतम १ बर्षको हुनुपर्ने र सोही अनुसारको १ वर्षको बहाल कर लाग्नेछ ।

**घरको न्यूनतम बहाल रकम**

| क्षेत्र | प्रति सटर प्रति महिना रु | प्रति कोठा प्रति महिना रु |
|---|---|---|
| व्यापारिक क्षेत्र (दुवाकोट, चाँगुनारायण, नगरकोट र खरिपाटीका मुख्य वजार क्षेत्र) | ५००० | २००० |
| आवासिय क्षेत्र | २००० | १५०० |

**जग्गाको न्यूनतम बहाल रकम**

| क्षेत्र | वार्षिक प्रति रोपनी रु |
|---|---|
| व्यापारिक क्षेत्र (दुवाकोट, चाँगुनारायण, नगरकोट र खरिपाटीका मुख्य वजार क्षेत्र) | १५००० |
| आवासिय क्षेत्र | ५००० |

जीवन खत्री
नगर प्रमुख

अनुसूचि-६
(दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

**व्यवसाय करको दररेट**

नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले नगरपालिकाबाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नविकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नविकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ :

| क्र.सं. | व्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | | |
|---|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग | घ वर्ग |
| १ | व्यापारिक वस्तु | | ५ करोड भन्दा बढी पूँजी लगानी भएका वा डिलर | ५० लाख देखि ५ करोड भन्दा कम पूँजी लगानी भएका | १० लाख देखि ५० लाख भन्दा कम पूँजी लगानी भएका | १० लाख भन्दा कम पूँजी भएका |
| १.१ | डिपार्टमेन्ट स्टोर, मार्ट | २५०० | १५००० | १०००० | ८००० | ५००० |
| १.२ | इलेक्ट्रोनिक्स पसल | २००० | १०००० | ५००० | २५०० | १५०० |
| १.३ | फर्निसिङ्ग, विद्युतीय सामग्री, पेन्ट आदी | २००० | ५००० | ३००० | १५०० | १००० |
| १.४ | हार्डवेयर | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| १.५ | टायल , मार्बल, सिमेन्ट ब्लक बिक्री केन्द्र | २००० | २५०० | २००० | १५०० | १००० |
| १.६ | इटा, वालुवा डिपो | ५००० | १५००० | १०००० | ५००० | २५०० |
| १.७ | पेट्रोलियम पदार्थ बिक्री डिपो | ५००० | १५००० | १०००० | ५००० | २५०० |
| १.८ | मेसिनरी -जेनेरेटर, मोटर आदि) तथा मेसिनरी पार्टस्, लुब्रीकेन्टस आदि | २००० | १०००० | ५००० | २५०० | २००० |
| १.९ | हेभी गाडी इकयुपमेन्ट शो रुम | १०००० | ४०००० | ३५००० | ३०००० | २५००० |
| १.१० | कार तथा लाइट गाडी शो रुम | ८००० | ३०००० | २५००० | २०००० | १५००० |
| १.११ | मोटरसाइकल शो रुम | ५००० | २०००० | १५००० | १०००० | ५००० |
| १.१२ | पेट्रोल पम्प/डिजेल पम्प | ५००० | ५०००० | ३०००० | २०००० | १०००० |
| १.१३ | ग्याँस डिलर | २००० | ८००० | ५००० | ३००० | २००० |
| १.१४ | टायर शो रुम | ५००० | २०००० | १५००० | १०००० | ५००० |
| | औषधि पसल | | | | | |
| १.१५ | क. थोक बिक्रेता | २००० | १०००० | ५००० | २५०० | १२५० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख. खुद्रा बिक्रेता | १००० | ५००० | २५०० | १५०० | १००० |
| | ग. चस्मा पसल | १००० | २५०० | २००० | १५०० | १००० |
| १.१६ | सर्जिकल सामान बिक्री पसल | २५०० | ३००० | २५०० | २००० | १५०० |
| १.१७ | दैनिक उपभोग्य खाद्य पदार्थ विक्री तथा सप्लाई | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.१८ | कपडा पसल सहितको टेलरिङ | १००० | ७५०० | ५००० | २५०० | १५०० |
| १.१९ | टेलरिङ, सिलाई कटाई प्रशिक्षण | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२० | मर्मत तथा सिलाई कटाई सेवा | १००० | ५००० | ३५०० | १५०० | १००० |
| १.२१ | कपडा पसल, फेन्सी पसल,सिरक डस्ना बिक्री गर्ने पसल,टाँक धागो विक्री गर्ने पसल | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२२ | गिफ्ट, कस्टमेटिक पसल | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२३ | भाँडा पसल | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२४ | जुत्ता पसल | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२५ | किराना पसल | ५०० | २५०० | २००० | १५०० | १००० |
| १.२६ | क्युरियो, स्टेशनरी तथा पुस्तक पसल | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.२७ | तरकारी ,फलफुल,जुस पसल तथा सागसब्जी बिक्री गर्ने पसल | ५०० | ५००० | २५०० | १५०० | १००० |
| १.२८ | माछा,मासु बिक्री गर्ने पसल,कोल्डस्टोर | १००० | ८००० | ५००० | ३००० | २००० |
| १.२९ | कुखुरा होलसेल | १००० | ५००० | ३००० | २००० | १००० |
| १.३० | छाला संकलन र बिक्री गर्ने पसल | ५०० | २५०० | २००० | १५०० | १००० |
| १.३१ | भाँडा कुँडा निर्माण गर्ने पसल | २००० | ५००० | ४००० | ३००० | २००० |
| १.३२ | माटाको भाँडा पसल | १००० | २५०० | २००० | १५०० | १००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३३ | ग्यास सिलिण्डर डिपो | ५००० | २०००० | १५००० | १०००० | ५००० |
| १.३४ | पर्यटकहरुलाई क्यूरियो, थान्का, म्यूजिक पसल,बाध्यवादन बिकी गर्ने पसल | २००० | ५००० | ४००० | २००० | १००० |
| १.३५ | मदिरा जन्य वस्तुको विक्री वितरण | ३००० | १०००० | ८००० | ५००० | ३००० |
| १.३६ | सूर्ति खैनी बिक्री गर्ने पसल | २००० | ५००० | ३००० | २००० | १००० |
| १.३७ | एग्रोभेट तथा भेटेनरी पसल | २००० | ५००० | ४००० | २००० | १००० |
| १.३८ | कवाडी व्यवसाय दर्ता | ५००० | १०००० | ८००० | ४००० | २००० |
| १.३९ | सुन पसल<br>चाँदी पसल<br>सुन चाँदी पसल | ४०००<br>१०००<br>५००० | १००००<br>४०००<br>१२००० | ८०००<br>३०००<br>९००० | ६०००<br>२०००<br>७००० | ४०००<br>१०००<br>५००० |
| १.४० | एकोरिएम पसल | १००० | २५०० | २००० | १५०० | १००० |
| १.४१ | अन्य व्यापारिक वस्तु | १००० | ५००० | २५०० | १५०० | १००० |
| १.४२ | अनलाइन व्यवसाय | २००० | ८००० | ५००० | ४००० | ३००० |
| १.४३ | प्लाईउड व्यवसाय | ५००० | १०००० | ८००० | ७००० | ५००० |
| १.४४ | फर्निचर सोरुम | २५०० | १०००० | ५००० | ४००० | २५०० |
| १.४५ | देश-विदेश वस्तुहरुको आयात निर्यात गर्ने व्यवसाय, कार्गो व्यवसाय संचालन | ८००० | २०००० | १५००० | १०००० | ५००० |

| क.स. | शीर्षक | दर्ता शुल्क | नविकरण शुल्क -वार्षिक कर) |
|---|---|---|---|
| | होटल, लज, रेष्टुरेण्ट, वार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार | | |
| | मदिरा समेत बिक्री गर्ने होटल,क्याफे रेष्टुरेण्ट तथा वार | **५०००** | **१५०००** |
| | होटल साधारण -बिना तारे) | ५००० | १०००० |
| | भोजनालय | २५०० | ५००० |
| | रिसोर्ट | ५००० | १२००० |



जीवन खत्री
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १.४५ | एक तारे होटल | १०००० | १५००० |
| | दुइ तारे होटल | १०००० | २५००० |
| | तीन तारे होटल | १०००० | ५०००० |
| | चार तारे होटल | १५००० | ७५००० |
| | पाँच तारे होटल | २०००० | १००००० |
| | होटल सहित लज/गेष्ट हाउस | १०००० | १५००० |
| | चिया/नास्ता पसल | १००० | १००० |
| | मिठाई पसल/साकाहारी खाजा पसल | १००० | २००० |
| | खाजा पसल -नवारी खाजा पसल समेत) | २००० | ३००० |
| | दुध दही पसल | १००० | २००० |
| | होम स्टे | १००० | २००० |
| | कफिसप | २००० | २५०० |
| | पार्टि प्यालेस | १०००० | २५००० |
| | क्याटरिङ्ग | ५००० | १०००० |
| | टेन्ट हाउस | ५००० | १०००० |

| २. | **विषेशज्ञ सेवा** | **दर्ता शुल्क** | **संस्थागत** | **व्यक्तिगत** | | |
|---|---|---|---|---|---|---|
| २.१ | चिकित्सक र इन्जिनियर | १००० | १०००० | | | ५००० |
| २.२ | शेयर दलाल, विमा ऐजेन्ट, कानून व्यवसाय, लेखापढी, कम्पाउण्डर,कृषिविज्ञ, लेखापरीक्षक, मेनपावर सप्लायर्स, सर्भेयर, कन्सल्टेन्सी, कविराज सेवा, कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर,काफ्टिङ्ग, कार्भिङ्ग आदि | ५०० | ५००० | | | २००० |
| २.३ | पेन्टर, निमार्णकर्मी, प्लम्बर,इलेक्ट्रिसियन | ५०० | ५००० | | | १५०० |
| २.४ | अनुसंन्धान, सर्भेयर, परामर्शदाता तथा सफ्टवेयर निर्माण पसल, अनुवादक आदि | ५०० | ४००० | | १५०० | |
| **३.** | **सेवा व्यवसाय** | | **ठूला** | **मझौला** | **साना** | **अति साना** |
| ३.१ | निर्माणसँग सम्बन्धित सम्पूर्ण व्यवसाय | २५०० | १०००० | ८००० | ६००० | ४००० |
| ३.२ | ढुवानी सेवा | १००० | १०००० | ८००० | ६००० | ४००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३ | हाउजिङ्ग कम्पनीको घर जग्गा खरिद बिक्री-रियल स्टेट) | २५००० | ५००००(बार्षिक कर ) | | | |
| ३.४ | यातायात सेवा | ५००० | १५००० | १२००० | ८००० | ५००० |
| ३.५ | व्युटिपार्लर | ५०० | १०००० | ६००० | २००० | १००० |
| ३.६ | व्युटिपार्लर तालिम समेत दिने | १००० | १२५०० | ७५०० | २५०० | १५०० |
| ३.७ | मसाज सेन्टर, बडी पेन्टिङ्ग आदि | १००० | १०००० | ६००० | २००० | १००० |
| ३.८ | केवल, इन्टरनेट सेवा प्रदायक निकाय | १००० | १०००० | ५००० | ३००० | २००० |
| ३.९ | कम्युनिकेशन सेन्टर, फोटोकपी सेन्टर | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.१० | शेयर कारोवार गर्ने कम्पनी | ५००० | १५००० | १०००० | ८००० | ५००० |
| ३.११ | पुल हाउस, साउना आदि | १००० | ५००० | ३५०० | १५०० | १००० |
| ३.१२ | नाफामूलक धर्मशाला, बृद्धाश्रम | १००० | ५००० | ३५०० | १५०० | १००० |
| ३.१३ | हस्तकला तथा काष्ठकला व्यवसाय | १००० | ४००० | ३००० | २००० | १००० |
| ३.१४ | जनरल सप्लायर्स | १००० | ४००० | ३००० | २००० | १००० |
| ३.१५ | कुरीयर, होम डेलिभरी सेवा | १००० | ४००० | ३००० | २००० | १००० |
| ३.१६ | ड्राइभिङ्ग प्रशिक्षण केन्द्र | ५००० | १५००० | १२००० | ८००० | ५००० |
| ३.१७ | नृत्य प्रशिक्षण केन्द्र | १००० | ४००० | ३००० | २००० | १००० |
| ३.१८ | मोटरसाइकल वर्कशप | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.१९ | जीप,कार मर्मत | २५०० | ६००० | ५००० | ४००० | ३००० |
| ३.२० | बस,ट्रक,लहरी मर्मत | ३००० | ६००० | ५००० | ४००० | ३००० |
| ३.२१ | टि.भी, रेडियो, घडी, मोबाइल, फ्रिज,बिक्री तथा मर्मत गर्ने पसल | १००० | ३००० | २५०० | २००० | १००० |
| ३.२२ | टायर मर्मत गर्ने , रिसोलिङ, हावा भर्ने पसल | १००० | ५००० | ३००० | २००० | १५०० |
| ३.२३ | फोटो स्टुडियो, फ्रेमिङ्ग पसल र भिडियो सुटिङ आदि | १००० | ४००० | ३००० | २००० | १५०० |
| ३.२४ | सेक्युरिटि कम्पनी | ३००० | | | १०००० | ५००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२५ | साइवर क्याफे | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.२६ | स्नुकर तथा पुल हाउस,फुटसल | २००० | ५००० | ४००० | ३००० | २००० |
| ३.२७ | ड्राइक्लिनर्स | ५०० | ४००० | ३००० | २००० | १००० |
| ३.२८ | पान पसल | ५०० | १००० | | | |
| ३.२९ | पूजा सामग्री पसल | १००० | ३००० | २००० | १००० | ५०० |
| ३.३० | विभिन्न पशुपंक्षीका चल्ला सहित आहार ( दाना ) पसल | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.३१ | साउण्ड सिस्टम भाडामा लगाउने पसल | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.३२ | क्यासेट , सिडि बिक्री गर्ने पसल | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.३३ | शारीरिक व्यामशाला - जिमखाना, एरोविक/जुम्बा, योग प्रशिक्षण) | १००० | ३००० | २००० | १५०० | १००० |
| ३.३४ | प्लास्टिकको सामान बिक्री गर्ने पसल | १००० | ३००० | २००० | १५०० | १००० |
| ३.३५ | सिसा पसल | १००० | ३००० | २००० | १५०० | १००० |
| ३.३६ | अण्डा पसल | ५०० | २००० | १५०० | १००० | ५०० |
| ३.३७ | नर्सरी व्यवसाय/पुष्प व्यवसाय | १००० | २५०० | २००० | १५०० | १००० |
| ३.३८ | अन्य व्यवसाय | १००० | ४००० | २००० | १००० | ५०० |
| ३.३९ | सैलुन व्यवसाय | १००० | ५००० | ४००० | २००० | १००० |
| ३.४० | फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवसाय | ५००० | १०००० | ८००० | ४००० | २००० |
| ३.४१ | खेल प्रशिक्षण केन्द्र( क्रिकेट, भलिवल, फुटवल आदि ) | १००० | ८००० | ५००० | ३००० | २००० |
| ३.४२ | सवारीसाधन भाडामा लगाउने व्यवसाय | ३००० | १०००० | ५००० | ४००० | २५०० |
| ३.४३ | बिदेशी लगानीकर्ता रहेको सूचना तथा इलेक्ट्रोनिक्स सम्बन्धी कार्य गर्ने व्यवसाय | ८००० | २०००० | १५००० | १०००० | ५००० |
| **३.४४** | **कपडामा प्रिन्टिङ्ग गर्ने व्यवसाय** | **२०००** | **१००००** | **५५००** | **४०००** | **२५००** |
| **३.४५** | **ATV Quad Bike सञ्चालन** | **३०००** | **२००००** | **१५०००** | **१००००** | **५०००** |



जीवन खत्री
नगर प्रमुख

| ४ | उद्योग | | ५ करोड भन्दा बढी पूँजी लगानी भएका | १ करोड देखि ५ करोड भन्दा कम पूँजी लगानी भएका | २० लाख देखि १ करोड भन्दा कम पूँजी लगानी भएका | २० लाख भन्दा कम पूँजी लगानी भएका |
|---|---|---|---|---|---|---|
| ४.१ | स्थानीय कच्चा पदार्थ उपयोग गरी संचालित इटा | २०,००० | ११,००,००० | ७,७०,००० | ५,५०,००० | ४,४०,००० |
| ४.२ | पानी उद्योग | ५,००० | १,००,००० | ५०,००० | २५,००० | १५००० |
| ४.३ | वालुवा, ढुङ्गा,माटो,पाँगो माटो जस्ता खानी जन्य पदार्थ प्रशोधन गर्ने उद्योग | १०,००० | २,००,००० | १,५०,००० | १,००,००० | ७५००० |
| ४.४ | पर्यटनमुलक उद्योग - ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, स्कीङ्ग, ग्लाईडिङ्ग, गल्फकोर्स, बेलुन उडान, घोडचडी, क्यासिनो,दोहोरी, डान्सबार आदि) | ५५०० | २५००० | १५००० | ८००० | ५००० |
| ४.५ | उत्पादनमुलक उद्योग ( छापाखाना, चलचित्र, प्लाई उड, प्रि फ्याब,जस्ता उत्पादन, ह्मपाईप, प्यानल, फर्निचर उत्पादन, ग्रील, ब्लक, कागज, काठ, प्लाष्टिक,गार्मेन्ट, पब्लिकेशन,विद्युतिय सामग्री उत्पादन गर्ने उद्योग, प्लाष्टिक पाईप उत्पादन, कपडा उद्योग, औषधि उद्योग आदि) | ८००० | ५०००० | ३०००० | २०००० | १५००० |
| ४.६ | सेरामिक्स, हाते इट्टा उद्योग, लगायतका अन्य उद्योग | ५००० | २०००० | १५००० | १०००० | ८००० |
| ४.७ | कस्मेटिक्स सामान उत्पादन गर्ने उद्योग, स्याम्पो उत्पादन गर्ने उद्योग, सावन तथा | ८००० | ५०००० | ३०००० | २०००० | १५००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरफ उद्योग, पिताम्बरी उत्पादन गर्ने उद्योग | | | | | |
| ४.८ | जडिबुटी प्रशोधन उद्योग | ५००० | १५००० | १०००० | ८००० | ५००० |
| ४.९ | हस्तकला तथा काष्टठकला उद्योग तथा हेण्डिक्राफ्ट,पस्मिना उद्योग | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| ४.१० | तार जाली उद्योग | ८००० | ५०००० | ३०००० | २०००० | १०००० |
| ४.११ | कृषिमा आधारित उद्योग (चामल मिल, विस्कुट, वेकरी, चाउचाउ, डेरी, सित भण्डार, दाना उद्योग,च्याउ उद्योग आदि) | ४००० | २०००० | १०००० | ५००० | २५०० |
| ४.१२ | कृषि तथा पशु,पंक्षी फर्म | १००० | ४००० | ३००० | २००० | १००० |
| ४.१३ | व्यवसायिक पोल्ट्री फर्म | २५०० | १०००० | ७००० | ५००० | ३००० |
| ४.१४ | कोरा माल वा अर्ध प्राशोधित माल वा खेरा गईरहेको माल -कवाडी) सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यावसाय दर्ता | २००० | ६०००० | ५०००० | ४०००० | २०००० |
| ४.१५ | शीत भण्डार उद्योग | २५०० | १०००० | ७००० | ५००० | ३००० |
| ४.१६ | आइसक्रिम/पाउरोटी उद्योग | २००० | ५००० | ४००० | ३००० | २००० |
| ४.१७ | गलैंचा उद्योग | १०००० | ३०००० | २५००० | २०००० | १५००० |
| ४.१८ | काठ मिल/समिल | ५००० | १०००० | ८००० | ६००० | ४००० |
| ४.१९ | पापड उद्योग, चिप्स उद्योग, दालमोठ उद्योग, भुजीया उद्योग, मस्यौरा उद्योग आदि | २००० | ११००० | ९००० | ७००० | ५००० |
| ४.२० | प्लास्टिकका सामान उत्पादन गर्ने उद्योग | ५००० | २०००० | १५००० | १०००० | ५००० |
| ४.२१ | छालाका सामान उत्पादन गर्ने उद्योग | ५००० | २०००० | १५००० | १०००० | ५००० |
| ४.२२ | बेतबाँस फर्निचर | ३००० | ६००० | ५००० | ४००० | ३००० |
| ४.२३ | स्विटर, टोपी उद्योग | ५००० | १२००० | १०००० | ७००० | ५००० |
| ४.२४ | अगरवत्ती उद्योग | ३००० | १०००० | ८००० | ६००० | ५००० |
| ४.२५ | कपास उद्योग, सिरक डस्ना बनाउने उद्योग | ४००० | १२००० | १०००० | ७००० | ५००० |
| ४.२६ | स्यानिटरी प्याड उद्योग | ५००० | १२००० | १०००० | ७००० | ५००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२७ | ईनार रिङ लगायतका अन्य सामान वनाउने उद्योग | २००० | ४००० | ३५०० | ३००० | २५०० |
| ४.२८ | जुटको झोला, मुडा उद्योग | २००० | ४००० | ३५०० | ३००० | २५०० |
| ४.२९ | रोजिन एण्ड टर्पेन्टाईन उद्योग | ५००० | १२००० | १०००० | ७००० | ५००० |
| ४.३० | मसला उद्योग, अचार उत्पदन गर्ने उद्योग | २००० | ४००० | ३५०० | ३००० | २५०० |
| ४.३१ | कत्थ्या उद्योग | २००० | ४००० | ३५०० | ३००० | २५०० |
| ४.३२ | मास्क उद्योग | २००० | ४००० | ३५०० | ३००० | २५०० |
| ४.३३ | सुर्तिजन्य उद्योग | ५००० | १२००० | १०००० | ८००० | ६००० |
| ४.३४ | अन्य उद्योग | ४००० | २०००० | १०००० | ५००० | २५०० |
| ४.३५ | विद्युतिय सवारीसाधन निर्माण गर्ने उद्योग | २०००० | १००००० | ६०००० | ३०००० | २०००० |
| ४.३६ | साहसिक पर्यटन - जिप कोस्टर, जिपलाईन,प्यारागलाईडिङ) | ५५०० | २५००० | १५००० | ८००० | ५००० |
| ४.३७ | थान्का उद्योग तथा सोही प्रकृतिका अन्य उद्योगहरु | ५००० | २०००० | १५००० | १०००० | ८००० |
| **४.३८** | **ड्राइमिट उत्पादन गर्ने** | **३०००** | **६०००** | **५०००** | **४५००** | **३५००** |
| **४.३९** | **आल्मुनियम वर्कसप** | **३०००** | **१००००** | **७५००** | **५०००** | **३०००** |
| **४.४०** | **पेपरको कप मात्र उत्पादन गर्ने** | **३०००** | **१००००** | **७५००** | **५०००** | **३०००** |
| **४.४१** | **जुत्ता,चप्पल उत्पादन गर्ने उद्योग** | **३०००** | **२००००** | **१५०००** | **१००००** | **८०००** |
| | थप व्यवस्थाः धुँवा रहित ईटा उद्योगलाई लाग्ने व्यवसाय करमा ७५ प्रतिशत छुट दिईनेछ । साथै विषादी रहित कृषि संचालन गरेमा वार्षिक शुल्क लाग्ने छैन । | | | | | |

| ५ | **वित्तिय सेवा** | **दर्ता** | **क बर्ग** | **ख बर्ग** | **ग बर्ग** | **घ वर्ग** |
|---|---|---|---|---|---|---|
| ५.१ | बैंक, विकास बैंक/फाईनान्स, र लघुवित्त संस्थाको मुख्य कार्यालय | २०००० | २०००० | १५००० | १०००० | ८००० |
| ५.२ | बैंक, विकास बैंक/फाईनान्स, वीमा कम्पनी र लघुवित्त संस्थाको शाखा कार्यालय | १०००० | १०००० | ८००० | ७००० | ५००० |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.३ | बैंक, विकास बैंक/फाईनान्स, विमा कम्पनी र लघुवित्त संस्थाको एक्सटेन्सन काउण्टर, शाखा रहित ATM | ५००० | ८००० | ७००० | ६००० | ४००० |
| ५.३ | सहकारी संस्था | | ५ करोड भन्दा बढी पुँजी लगानी भएका | १ करोड देखि ५ करोड भन्दा कम पुँजी लगानी भएका | २० लाख देखि १ करोड भन्दा कम पुँजी लगानी भएका | २० लाख भन्दा कम पुँजी भएका |
| | | १००० | ६००० | ४००० | २५०० | १५०० |
| | कृषि सहकारी तथा दुग्ध सहकारीको वार्षिक नविकरण शुल्कमा ५०% कम शुल्क लाग्नेछ । | | | | | |
| | मुद्रा सटही | १००० | ३००० | | | |
| ५.४ | माथि उल्लेखित बाहेक अन्य बित्तिय संस्था | १००० | ३००० | | | |
| ६. | **स्वास्थ्य सेवा** | | ५ करोड भन्दा बढी पुँजी लगानी भएका | १ करोड देखि ५ करोड भन्दा कम, पुँजी लगानी भएका | २० लाख देखि १ करोड भन्दा कम पुँजी लगानी भएका | २० लाख भन्दा कम पुँजी भएका |
| | नर्सिङ्ग होम | १०००० | १००००० | ७५००० | ५०००० | ३०००० |
| | ल्याव सेवा | २५०० | ३००० | २५०० | २००० | १५०० |
| | पोलिक्लिनिक | ५००० | ८०००० | ४०००० | २०००० | १०००० |
| | फिजियोथेरापी | २५०० | १०००० | ८००० | ६००० | ५००० |
| | आयुर्वेदालय | १००० | ५००० | ४००० | ३००० | २००० |
| | क्लिनिक सेवा | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| | साउना बाथ | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| | होमियोप्याथी सेवा | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| | अन्य स्वास्थ्य सेवा | ३००० | १५००० | १०००० | ८००० | ५००० |
| | **स्वास्थ्य सेवा अन्तर्गतका अस्पत्तालहरु** | दर्ता दस्तुर | ५१-१०० वेड वा सो भन्दा माथि | २६-५० वेड सम्म | १६-२५ वेड सम्म | १५ वेड सम्म |
| | निजी क्षेत्रबाट संचालित अस्पताल, हेल्थ सेन्टर | २५००० | २,००,००० | १,५०,००० | १,००,००० | ७५००० |
| ७ | **संचार सेवा** | दर्ता | ५ करोड भन्दा बढी पुँजी लगानी भएका | १ करोड देखि ५ | २० लाख देखि १ | २० लाख भन्दा कम |



जीवन खत्री
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | करोड भन्दा कम, पुँजी लगानी भएका | करोड भन्दा कम पुँजी लगानी भएका | पुँजी भएका |
| ७.१ | अनलाइन सेवा | २००० | १०००० | ८००० | ६००० | ४००० |
| ७.२ | अनलाईन पत्रिका | ५०० | ८००० | ६००० | ४००० | २००० |
| ७.३ | राष्ट्रियस्तरको पत्रिका | १००० | ९००० | ७००० | ५००० | ३००० |
| ७.४ | स्थानीय पत्रपत्रिका | ५०० | ७००० | ५००० | ३००० | १००० |
| ७.५ | अन्य | १००० | १०००० | ८००० | ६००० | ४००० |
| ७.६ | मिडिया | | | | | |
| ८. | **शिक्षा सेवा** | | उच्च शिक्षा | माध्यमिक तह | आधारभूत तह | |
| ८.१ | संस्थागत विद्यालय | ५००० | २५००० | २०००० | १०००० | |
| ८.२ | भाषा प्रशिक्षण | १००० | ५००० | ३५०० | २००० | |
| ८.३ | तालिम केन्द्र,अनुसन्धान केन्द्र तथा अन्य शैक्षिक सेवा | १००० | ५००० | ३५०० | २००० | |
| ८.४ | शिशु स्याहार केन्द्र / मन्टेस्वरी | ५००० | वार्षिक शुल्क १०००० | | | |
| ८.५ | एजुकेशन कन्सल्टेन्सी सेवा | ५००० | वार्षिक शुल्क १०००० | | | |
| ८.६ | पोलिटेक्निकल इस्टिच्युट प्रशिक्षण | १०००० | वार्षिक शुल्क ५०००० | | | |
| ८.७ | छात्रावास | १०००० | वार्षिक शुल्क १०००० | | | |
| ८.८ | ट्युसन/ल्याङ्गवेज,कम्प्युटर टाइपीङ्ग सेन्टर आदी | १००० | वार्षिक शुल्क १०००० | | | |
| ८.९ | अन्य प्रशिक्षण सेवा | ५००० | वार्षिक शुल्क ५००० | | | |
| ९ | टेलिभिजन तथा एफ.एम. रेडियो प्रशारण संस्था | **दर्ता** | **बार्षिक कर** | | | |
| | | ५००० | ५००० | | | |
| १० | सवारी साधन विक्रेता | | | | | |
| | हेभि ट्रक टिपर बस समेत | १०००० | २००००० | | | |
| | मिनी बस मिनि ट्रक | १०००० | १५०००० | | | |
| | हलुका सवारी साधन | १०००० | १००००० | | | |
| | विद्युतीय हलुका सवारी साधन | १०००० | ७५००० | | | |
| | दुईपाङ्ग्रे सवारी साधन इन्जिन जडित | १०००० | ३०००० | | | |



जीवन खत्री
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | दुइपाङ्ग्रे विद्युतीय सवारी साधन | १०००० | २०००० |
| ११ | सवारी प्रशिक्षण (ट्रायल सेन्टर) | ५००० | १५००० |

द्रस्टव्य :

- माथि उल्लेख भए बाहेकका कुनै सेवा वा क्षेत्रमा कर, शूल्क वा दस्तुर लगाउनुपर्ने अवस्थामा कार्यपालिकाले सम्बन्धित वर्गको मिल्दोजुल्दो दरमा तोके बमोजिम निर्धारण गरी असुल गरिनेछ । यसरी तोकिएको दरको निर्णय स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- व्यवसायको साविक कारोबारमा थप गर्न,हटाउन वा संशोधन गर्नका लागि चालू आ.व.सम्मको कर चुक्ता गर्नु पर्नेछ । साविक कारोबारमा थप गर्दा थप प्रति कारोबारको दर्ता शुल्क बराबरका दरले शुल्क लाग्नेछ ।
- बस, ट्रक, गाडी लगायतका सवारी साधनले सडक,स्ल्याब,रेलिङ,पेटी,स्तम्भपेटी आदि भत्काएमा निर्माण गर्दा लाग्ने खर्च मूल्यांकन गरी उक्त खर्च र जरिवाना बापत थप एक पटकमा रु ५,०००।-, दोश्रो पटक रु ८,०००।- र त्यसपछि पुनः सो कार्य दोहोऱ्याएमा प्रत्येक पटक रु १०,०००।- जरिवाना लिइनेछ ।
- नगरपालिकालाई आवश्यक परेमा नगरपालिकाले व्यवसायको कारोबारको आन्तरिक राजस्व कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सक्नेछ ।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, भाडा आदि जस्ता राजस्व बुझाउन बाँकी रहेमा नगरपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सेवाबाट बन्चित गर्न सकिनेछ ।
- व्यवसाय प्रमाणपत्रको प्रतिलिपी तथा व्यवसाय बन्द गर्न रु ५००।- शुल्क लाग्नेछ ।
- सहकारी संस्थाको नविकरणमा लाग्ने जरिवाना सहकारी ऐन बमोजिम लाग्नेछ ।

**व्यवसाय दर्ता, नवीकरण, राजस्व छुट तथा खारेजी सम्बन्धी अन्य व्यवस्थाः**

क) व्यवसाय दर्ता सम्बन्धमाः

१) रु १० लाख सम्म पूँजी भएका व्यवसायहरु सम्बन्धित वडा कार्यालयले नै स्थानीय व्यवसाय दर्ता गरी दर्ता प्रमाणपत्र जारी गर्नेछ ।

२) रु १० लाख भन्दा बढी पूँजी भएका व्यवसायहरुको दर्ताको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिको कार्यालयबाट स्थानीय व्यवसाय दर्ता गरी प्रमाणपत्र जारी गर्नेछ ।

३) वातावरणमा प्रतिकुल असर पर्ने उद्योग तथा व्यवसायहरु सम्बन्धित निकायबाट दर्ता तथा संचालन अनुमति लिएर मात्र स्थानीय व्यवसाय दर्तागर्नु पर्नेछ । त्यस्तो प्रकृतिका व्यवसायहरु सम्बन्धित माथिल्लो निकायमा दर्ता भई सम्पूर्ण प्रकृया पुरा भई आएपछि सम्बन्धित वडा कार्यालयको सिफारिसमा मात्र नगरपालिको कार्यालयबाट स्थानीय व्यवसाय दर्ता गरी दर्ता प्रमाणपत्र जारी गर्नेछ ।

४) स्थानीय व्यवसाय दर्तामा पूजी उल्लेख गर्दा अन्य माथिल्लो निकायमा (जस्तैः घरेलु तथा साना उद्योग, वाणिज्य,कम्पनी आदि) दर्ता भएको प्रमाणपत्रमा उल्लेख भएको स्थिर पूँजी तथा चालु पूँजी दुवैको योगफल अनुसारको कुल पूँजीलाई आधार मानी पूँजी कायम गरिनेछ ।

ख) व्यवसाय दर्ता खारेजी सम्बन्धमा : कुनै पनि व्यवसायीले नियमानुसार व्यवसाय दर्ता खारेजी गर्न चाहेमा चालु आ व सम्म को नविकरण गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।



जीवन खत्री
नगर प्रमुख

१) साविकमा सम्बन्धित निकायमा दर्ता भएको र नगरपालिकामा दर्ता नभएका कुनै पनि पसल, उद्योग व्यवसायको हकमा आ.व.२०७४।०७५ देखिको करार सम्झौता अनुसारको घरबहाल कर तथा संचालन अवधि देखिको व्यवसाय नविकरण गर्दा लाग्ने शुल्क बुझाइसकेपछि मात्र सम्बन्धित निकायमा दर्ता खारेजीको लागि सिफारिस गरिनेछ ।

२) साविक गाँउ विकास समितिमा दर्ता भएका कुनै पनि पसल उद्योग व्यवसाय खारेज गर्नु परेमा संचालन अवधि देखिको व्यवसाय नविकरण तथा आ.व. २०७४।०७५ देखिको घर बहाल कर चुक्ता गरे पश्चात मात्र सम्बन्धित निकायमा दर्ता खारेजिको लागि सिफारिस गरिनेछ ।

३) व्यवसाय दर्ता खारेजी सम्बन्धमा कुनै व्यवसायीले नियमानुसार दर्ता खारेजी गर्न निवेदन दर्ता गरेमा वडा कर्यालयमा दर्ता भएका रु १० लाखसम्म पुँजी भएका व्यवसायीले निवेदन दिएमा प्रकृया पुऱ्याई वडा कार्यालयबाट नै व्यवसाय दर्ता खारेजी गर्न सकिनेछ ।

ग) व्यवसाय नविकरण तथा छुट सम्बन्धमा : चाँगुनारायण नगरपालिका गठन पश्चात दर्ता भएका व्यवसायीहरुको हकमा समयमा नविकरण नगराउने व्यवसायीहरुलाई देहाय बमोजिमको जरिवाना असुली गरी नविकरण गरिनेछ ।

१) नवीकरण गराउनु पर्नेमा सोही आ.व. भित्र नविकरण गर्दा जरिवाना लाग्ने छैन ।

२) चाँगुनारायण नगरपालिका स्थापना पश्चात दर्ता भएका व्यवसाय नवीकरण गर्दा आ.व. नाघेर आएमा १ आ.व. सम्मको लागि नियमित नविकरण शुल्क वाहेक थप १५% प्रतिशत जरिवाना लाग्नेछ र एक आ व भन्दा बढी आ.व. नाघि नविकरण गर्न आएमा प्रत्येक आ.व.मा २० % थप जरिवाना लाग्नेछ ।

विशेष व्यवस्था :

१) अन्यत्र कुनै पनि निकायमा दर्ता नभएका/पान नं नलिएका तर नगरपालिका क्षेत्रमा संचालित कुनै पनि व्यवसाय जुन बेलादेखि संचालनमा आएको हो सोही बेला देखिको तत आ.व.को आर्थिक ऐनको प्रावधान बमोजिम राजस्व तथा जरिवाना लिई दर्ता गर्नुपर्नेछ । कुन आ.व.देखि व्यवसाय संचालन भएको हो सो विषयमा सम्बन्धित व्यवसायीले सो घोषण गरी वडा कार्यालयले सिफारिस गर्नु पर्नेछ । आ.व.२०७४।७५ भन्दा अगाडिदेखि संचालनमा रहेका व्यवसायहरुको समेत आ.व.२०७४/७५ देखिको मात्र कर तथा शुल्क लिइनेछ ।

२) अन्यत्र कुनै पनि निकाय जस्तै कम्पनी राजिष्टारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, बाणिज्य लगायतका निकायमा दर्ता भएका र व्यवसायको ठेगाना चाँगुनारायण नगरपालिका भएका व्यवसायहरु जुन आ.व.मा अन्यत्र दर्ता भई व्यवसाय संचालन गरी बसेका तर नगरपालिकामा दर्ता/सूचिकृत हुन नआएका व्यवसायको हकमा जुन आ.व.देखि व्यवसाय दर्ता एवं संचालनमा आएको हो सोही आ.व.देखिको नियमानुसार दर्ता शुल्क तथा जरिवाना समेत असुल गरी नगरपालिकामा दर्ता नियमित गरिने छ । आ व २०७४।०७५ भन्दा अगाडी दर्ता भएका व्यवसायहरुको हकमा आ.व.२०७४/०७५ देखिको मात्र दर्ता तथा नविकरण शुल्क लिईनेछ ।

**थप व्यवस्था: चाँगुनारायण नगरपालिका क्षेत्रभित्र व्यवसाय संचालन गरी बसेका तर नगरपालिकामा स्थानीय व्यवसाय दर्ता नभएका व्यवसायहरु मिति २०८२ असोज मसान्त भित्र व्यवसाय दर्ता नियमित हुन आएमा एक पटकका लागि जति पुरानो समयदेखि संचालन भएको व्यवसाय ( आ.व.२०७७।०७८ भन्दा अगाडी) भएतापनि एक पटकको लागी आ.व.२०७७।०७८ देखीको मात्र व्यवसाय दर्ता/नविकरणको शुल्क लिई व्यवसाय दर्ता नियमित गरिनेछ । यो अवधि भित्र व्यवसाय दर्ता तथा नविकरण हुने सम्पूर्ण व्यवसायहरुको विगतदेखि हाल सम्मको जरिवाना समेत छुट गरिएको छ ।**



जीवन खत्री
नगर प्रमुख

३) बुँदा नं २ बमोजिम अन्यत्र निकायमा दर्ता भई यस नगरपालिकामा व्यवसायको ठेगाना भएका (यस नगरपालिकामा व्यवसाय दर्ता गरेका समेत) तर देहायको कागज प्रमाण संलग्न गरी व्यवसाय संचालनमा नआएको भनि पेश भएको खण्डमा संचालनमा नआएको अवधिको लागि साविकको नविकरण शुल्कको २५ प्रतिशत वार्षिक शुल्क असुली गरी व्यवसाय दर्ता/नवीकरण गर्न सकिनेछ

तपसिल

- आन्तरिक राजस्व कार्यालयमा जिरो आय विवरण दाखिला गरेको प्रमाण,
- सम्बन्धित वडा कार्यालयबाट सर्जमीन मुचुल्का सहित व्यवसाय संचालन नभएको सिफारिस,
- सम्बन्धित व्यवसायीको स्वयं घोषणा ।

४) नगरपालिका क्षेत्रभित्र काँचो ईटा उत्पादन गरि बिक्री गर्ने अस्थायी व्यवसाय दर्ता गर्न वडा कार्यालयको सर्जमिन मुचुल्का सहितको साविकमा खानी क्षेत्र नरहेको इट्टा उत्पादनको लागि उपयुक्त रहेको व्यहोरा सहितको सिफारिस, इटा उत्पादनको लागि प्रयोग हुने जग्गा बहाल सम्झौता सहित सम्बन्धित व्यवसायीले नगरपालिकामा निवेदन दिएमा व्यवसाय दर्ता वापत प्रति स्थानको रु २००००।-(बीस हाजार रुपैया मात्र) र ईटा उत्पादनका लागि भाडामा लिएको जग्गाको प्रति रोपनी रु १००० का दरले बहालकर असुल गरी नगरपालिकाले अस्थायी व्यवसाय दर्ता गर्न सक्नेछ । यसरी दर्ता गरिएका अस्थायी व्यवसायले ईट्टा उत्पादनको लागि प्रयोग गर्ने माटोको लागि सम्बन्धित व्यवसायीले जग्गाधनीसँग माटो प्रयोग गर्ने सम्झौता गरी वडा कार्यालयमा निवेदन गरे पश्चात वडा कार्यालयले सर्जमिन मुचुल्का सहित नगरपालिकालाई सिफारिस गर्ने र नगरपालिकाबाट खटिएको प्राविधिक टोलिले दिएको प्रतिवेदनका आधारमा आर्थिक ऐनमा उल्लेख भएको दररेट अनुसारको शुल्क दाखिला गरेपछि मात्र माटो प्रयोगको अनुमति प्रदान गरिनेछ । साविकमा खानी संचालन भएको क्षेत्र तथा बालुवा आउने क्षेत्रमा काँचो इट्टा उत्पादन गर्न अनुमति दिइने छैन ।

५) चाँगुनारायण नगरपालिकाका वडा नं १-५ सम्मका साविकमा खानी संचालन भएका क्षेत्र तथा माटो उत्खनन गर्दा बालुवा आउने क्षेत्रमा ईट्टा भट्टा उद्योगहरुलाई काँचो ईट्टा तथा माटो ओसार पसारका लागी अनुमति दिइने छैन ।

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -७

(दफा ६ सँग सम्वन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु करको दर

यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत देहाय बमोजिम विक्री निकाशी कर लाग्ने छ ।

| | | |
|---|---|---|
| १ | जडीबुटी, कवाडी र जीवजन्तु कर | |
| क) | छाला ठुलो प्रति गोटा | |
| ख) | छाला सानो प्रति गोटा | ३०।- |
| ग) | हाड प्रति किलो | १५।- |
| घ) | सिंङ, खुर प्रति किलो | १।- |
| ङ) | प्वाँख प्रति किलो | २।- |
| २ | कवाडी | १।- |
| क) | खाली सिसी -वियर वोतल | |
| ख) | खाली सिसी -मदिरा र अन्य) ५०० एम एलभन्दा माथि | ०।२५ |
| ग) | खाली सिसी -मदिरा र अन्य) ५०० एम एलभन्दा तल | ०।२५ |
| घ) | प्लाष्टिक बोतल प्रति के.जी. (भाँडाकुडा, पुराना जुत्ता, चप्पल, ग्यालेन, जर्किन) | ०।१०<br>१।- |
| ङ) | खाली वोरा<br>१. ५० के.जी. सम्म प्रतिगोटा -खाद्यान्न अट्ने प्लाष्टिकका बोरा)<br>२. १०० के.जी. सम्म प्रतिगोटा -खाद्यान्न अट्ने जुटका बोरा)<br>३. १०० के.जी. माथि प्रति गोटा -खाद्यान्न अट्ने जुटका बोरा) | .०।२५<br>०।३०<br>०।५० |
| च) | तेलको टिन<br>१. १० लिटर भन्दा बढी अट्ने बढी प्रति गोटा २. १० लिटर भन्दा कम अट्ने प्रति गोटा | २।-<br>१।- |
| छ) | भिण्डु -प्राकृतिक र कृतिम उनका टुक्रा) प्रति के.जी. | २।- |
| ज) | गार्मेन्टको कपडाको टुक्रा प्रति के.जी. | ०।५० |
| झ) | जलेको मोविल प्रति लिटर | |
| ञ) | कागजपत्र प्रति के.जी. | ०।५० |
| ट) | टिन फलामका टुक्रा | १ |
| | | १ |

जीवन खत्री

नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
सूर्यविनायक नगरपालिका
कटुञ्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूचि -८

(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)

सवारी साधन करको दर

नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटो रिक्सा | रु. १००० | रु. २५०० |
| २ | विद्युतीय रिक्सा | रु. १००० | रु. २५०० |
| ३ | रिक्सा तथा ठेला | रु. २०० | रु. ५०० |

अनुसूचि -९

(दफा ८ को उपदफा (२) सँग सम्वन्धित)

विज्ञापन करको दर

नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा नगरपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क्र.सं. | विज्ञापनको किसिम | विज्ञापन दस्तूर दर प्रति वर्गफीट |
|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड (विज्ञापन पार्टी) | रु. १५०।- (प्रति वर्ष) |
| २ | नियोनसाईन बोर्ड | रु. १००।- (प्रति वर्ष) |
| ३ | ग्लोसाईन -विद्युतीय) बोर्ड | रु. २००।- (प्रति वर्ष) |
| ४ | चलचित्र बोर्ड | रु. ३००।- (प्रति वर्ष) |
| ५ | त्रि भिजन बोर्ड | रु. २००।- (प्रति वर्ष) |
| ६ | स्क्रोरल भिजन बोर्ड | रु. २००।- (प्रति वर्ष) |
| ७ | ब्यानर | रू. १२००।- (प्रति गोटा प्रति हता |
| ८ | अकाशे बेलुन | रु. १००।- (प्रति वर्गफीट प्रति महिना) |
| ९ | व्यवसायी भवन प्रवेशद्धार विज्ञापन | रु. ५००।- (प्रति वर्ष) |
| १० | घुम्ती -गाडीमा) विज्ञापन | रु. १०००।- (प्रति हप्ता ) |
| ११ | स्टल | रु. १०००।- (प्रति प्रति दिन) |
| १२ | व्याग प्याग | रु. १०००।- (प्रति दिन प्रति गोटा) |
| १३ | वाकिङ्ग बेलुन | प्रति दिन रु.१००।- प्रति गोटा |
| १४ | पोल व्यानर | प्रति हप्ता प्रति व्यानर रु.२००।- |
| १५ | जात्रा मेला खेलकूद विज्ञापन | प्रति हप्ता प्रति वर्गफीट रु.१००।- |
| १६ | सटर पेन्टिङ्ग | प्रति वर्ष रु.२०।- प्रति वर्ग फिट |



जीवन खत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| १७ | डिपिएस बोर्ड | प्रति वर्गफीट रु.५०।- |
| १८ | लाईट बोर्ड | प्रति वर्गफीट रु.८०।- |
| १९ | डिजिटल होर्डिङ्ग बोर्ड | प्रति वर्गफीट रु.१००।- |

नोट: (१) नगरपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा नगरपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत नगरपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा -पचास प्रतिशत) हुनेछ ।

(२) नगरपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई नगरपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

(३) पसलहरुमा राखिने परिचय पाटी -व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार २ × ४ फिट) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचय पाटिमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा तोकिए वमोजिम पुरै विज्ञापन कर लाग्नेछ ।

अनुसूचि -१०

(दफा १० को उपदफा (२) सँग सम्वन्धित)

**बहाल बिटौरी शुल्कको दर**

| स्थान | शुल्कको दर | कैफियत |
|---|---|---|
| नगर क्षेत्रका सडकको दाँया वाँया अस्थायी पसल राखे वापत | नगरकोट र चाँगुनारायण क्षेत्रमा प्रति वर्गफिट न्यूनतम मासिक रु २५ र अन्य क्षेत्रमा न्यूनतम मासिक रु १० | नगर कार्यपालिकाले तोकेको स्थानहरुमा बढावढ विधिलाई प्रयोगमा ल्याई सम्झौताको आधारमा विटौरी शुल्क लिने |

अनुसूचि -११

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

**सवारी साधन पार्किङ्ग शुल्कको दर**

नगरपालिकाले तोकेको क्षेत्रमा सवारी पार्किङ्ग गरे वापत देहाय बमोजिम पार्किङ्ग शुल्क लिईने छ :

| सवारीको किसिम | प्रति घन्टा रु | प्रति दिन रु |
|---|---|---|
| वस, ट्रक, मिनि वस | ५० | २०० |
| कार, जिप | २० | १०० |
| मोटरसाईकल | १० | ४० |

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छालिङ, भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूचि -१२

(दफा १२ सँग सम्वन्धित)

**सेवा शुल्क तथा महसुलको दर**

| उपलब्ध गराउने सेवाहरु | शुल्कको दर रु |
|---|---|
| पार्क प्रवेश शुल्क -व्यक्ति), रानीझुला झोलुङ्गेपुल प्रवेश शुल्क | नेपाली नागरिकलाई रु २०<br>नेपाली विद्यार्थी रु १०<br>विदेशी नागरिकलाई रु ५० |
| पार्क प्रवेश शुल्क -पिकनिक समूह) | १००० |
| पार्क प्रवेश शुल्क (सुटिङ्ग समूह) | ५००० |
| चाँगुनारायण मन्दिर परिसर भित्र (सुटिङ्ग समूह) नेपाली प्रति दिन | १०००० |
| चाँगुनारायण मन्दिर परिसर भित्र (सुटिङ्ग समूह) विदेशी प्रति दिन | सार्क राष्ट्र -१५०००<br>सार्क बाहेकका राष्ट्र - २०००० |
| एमबुलेन्स सेवा शुल्क | |
| भक्तपुर जिल्ला भित्रका अस्पतालमा जाँदा | ३०० |
| काभ्रे, काठमाडौ, ललितपुर जाँदा | ७०० |
| उल्लेखित बाहेक अन्य स्थानमा जाँदा | प्रति कि.मि. ६० का दरले |

जीवन खत्री

नगर प्रमुख

अनुसूचि -१३

(दफा १३ सँग सम्वन्धित)

**शुल्क तथा दस्तुरको दर**

| क.सं. | सिफारिस, अनुमति तथा प्रमाणित | दर रु |
|---|---|---|
| १. | जग्गा सम्याउने अनुमति दस्तुर | |
| | जग्गा सम्याउने अनुमति दस्तुर ( घडेरी प्रयोजनका लागि प्रति आना ) | ३५० |
| | १ रोपनी सम्मको | ५००० |
| | १ रोपनी भन्दा माथि प्रति आना | १५००० |
| २. | वालुवा उत्खनन् अनुमति दस्तुर (खानीको स्तर नगर कार्यपालिकाले तोके बमोजिम) | |
| | अति साना स्तर | ५०,००० |
| | साना स्तर | १,००,००० |
| | मझौला स्तर | १,५०,००० |
| | ठूला स्तर | २,००,००० |
| ३. | वालुवा उत्खनन् नवीकरण दस्तुर (खानीको स्तर नगर कार्यपालिकाले तोके बमोजिम) | |
| | अति साना स्तर | २५,००० |
| | साना स्तर | ५०,००० |
| | मझौला स्तर | ७५,००० |
| | ठूला स्तर | १,००,००० |
| ४. | माटो र पाँगो माटो उत्खनन् अनुमति दस्तुर (खानीको स्तर नगर कार्यपालिकाले तोके बमोजिम) | |
| | साना स्तर | ५०,००० |
| | मझौला स्तर | १,००,००० |
| | ठूला स्तर | १,५०,००० |
| ५. | माटो र पाँगो माटो उत्खनन् नवीकरण दस्तुर (खानीको स्तर नगर कार्यपालिकाले तोके बमोजिम) | |
| | साना स्तर | २५,००० |
| | मझौला स्तर | ५०,००० |
| | ठूला स्तर | ७५,००० |
| | थप व्यवस्था: वालुवा, माटो वा पाँगो माटो उत्खनन् अनुमति दिनुपूर्व उत्खनन् परिमाणको आधारमा अनुसूची १६ बमोजिमको विक्री रकम भुक्तानी गरेको हुनु पर्नेछ । | |



जीवन खत्री

नगर प्रमुख

| | | |
|---|---|---|
| ६. | व्यवसायीक प्रयोजनको लागि डिप वोरिङ्ग इजाजत | २५००० |
| ७. | घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर | ३०,००० |
| ८. | घ बर्गको निर्माण व्यवसाय इजाजत पत्र नवीकरण, नामसारी वा ठाउँसारी दस्तुर (व्यवसाय नामासारी गर्दा मृत्यु पछिको हकदारको नाममा नामसारी हुन आएमा ५० प्रतिशत कम शुल्क लाग्नेछ) | १०,००० |
| ९ | घ बर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रतिलिपी दस्तुर | ५००० |
| १० | बालुवा डिपोहरुको बिलमा नगरपालिकाको स्वीकृति लिए बापत प्रति विल | १०० |
| ११. | व्यवसाय तथा उद्योगको नामसारी , ठाउँसारी तथा नाम संशोधन गर्दा दर्ता शुल्क बराबरको शुल्क लाग्नेछ । | |
| १२. | सामाजिक संघ संस्था दर्ता/नविकरण शुल्क | ५०० |
| १३. | नक्शा पास दस्तुर | |
| | १००० वर्ग फिटदेखि माथि क्षेत्रफल भएको उद्योग -प्रति वर्ग फुट) | ३० |
| | १००० वर्ग फिटसम्मको क्षेत्रफल भएको उद्योग -प्रति वर्ग फुट) | २५ |
| | सहकारी, निजी अस्पताल, होटल तथा रिसोर्ट (प्रति वर्ग फुट) | २५ |
| | संस्थागत भवन : विद्यालय, सरकारी भवन,सरकारी अस्पताल -प्रति वर्ग फुट) | १५ |
| | वाल सिस्टम भवनमा सटर(व्यापारीक प्रयोजन) अभिलेखको लागि मात्र -प्रति वर्ग फुट) | ८ |
| | पिलर सिस्टम भएका :<br>आवासिय घर (प्रति वर्ग फुट)<br>व्यापारिक तथा संस्थागत प्रयोजनको घर (प्रति वर्ग फुट) | <br>१०<br>१५ |
| | पाईप ट्रस्ट प्रिफ्याव प्रयोग गरी सिमेन्ट जोडाईका व्यापारिक प्रयोजनका घर (प्रति वर्ग फुट) | ८ |
| | पाईप ट्रस्ट प्रिफ्याव प्रयोग गरी सिमेन्ट जोडाईका घरयासी प्रयोजनका घर (प्रति वर्ग फुट) | ६ |
| | व्यापारिक प्रयोजनका टहरा -प्रति वर्ग फुट) | ३ |
| | वाल सिस्टमको उद्योग वाहेकका सबै प्रकारका घर (प्रति वर्ग फुट) | ४ |
| | अन्य किसिमका आवासीय घर (प्रति वर्ग फुट) | १ |
| | कम्पाउण्ड वाल प्रति रनिङ्ग फिट | २ |
| | टेलिफोन, मोवाईल जस्ता संचारका टावर निर्माण इजाजत प्रति इकाई | १०,००० |
| | नक्सा संसोधन:<br>घरायरी प्रयोजनका घर<br>व्यापारिक तथा औद्योगिक प्रयोजनका घर | <br>२५००<br>५००० |
| | नक्सा पास प्रतिलिपी प्रमाणित दस्तुर | १००० |
| | नक्सा नामसारी दस्तुर | सगोल परिवारको हकमा लाग्ने रकमको १० |



जीवन खत्री
नगर प्रमुख

नगर कार्यपालिका ... हरिवन ... नेपाल

| | | |
|---|---|---|
| | | प्रतिशत र अन्यको हकमा २० प्रतिशत |
| | निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर :<br>पुरै घरको<br>आंशिक घरको | <br>३०००<br>२००० |
| | नक्सा नविकरण दस्तुर<br>क. डि.पि.सि स्वीकृत भएको २ वर्ष पुरा भई ३५ दिन भित्र नविकरणको लागी निवेदन गरेमा सुरुमा तिरेको राजश्व रकमको ५ प्रतिशत थप राजश्व लिई डि.पि.सि. भएको मितिबाट थप दुई वर्ष म्याद थप हुने ।<br>ख. २ वर्ष पुरा भई ३५ दिन नाघि नविकरणको लागी निवेदन गरेमा सुरुमा तिरेको राजश्व रकमको २५ प्रतिशत थप राजश्व लिई डि.पि.सि. भएको मितिबाट थप दुई वर्ष म्याद थप हुने ।<br>ग. डि.पि.सि स्वीकृत भएको ४ वर्ष पुरा भई नविकरणका लागी निवेदन गरेमा नक्सा पास गर्दा लाग्ने सवै शुल्क लिई नक्सा पास गरिनेछ । | |
| | थप व्यवस्था: (१) नगरपालिका घोषणा अघि सावकि गाउँ पालिका वा नगरपालिकाबाट स्वीर्कृति लिई निर्माण भएका घर तथा स्वीकृति नलिइ निर्माण भएका घरको हकमा नगरसभाबाट सार्वजनिक विषयहरुका सम्बन्धमा भएको निर्णय बमोजिम हुनेछ ।<br>(२) नगरपालिका घोषणा पछि मापदण्ड अनुसार निर्माण भएको घरको हकमा नक्सा प्रमाणित दस्तुर प्रचलित दस्तरको तीन गुनाले हुनेछ ।<br>(३) बायोग्याँस जडान सहितको भवन निर्माण गरेमा घर नक्सा पास दस्तुरमा २० प्रतिशत छुट दिईनेछ ।<br>(४) गुठीको जग्गामा गुठीबाट सिफारिस भई आएपछि न.पा. बाट लिने राजश्व दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ । | |
| १४. | जग्गा विकास/प्लटिङ्ग सिफारिस (प्रति आना)<br>(बाटो र खुल्ला जमिनको नलाग्ने) | प्रति आना रु १५००० |
| १५. | जग्गा विकास स्वीकृति लिई हाउजिङ कम्पनीबाट निर्मित घर तथा प्लानिङ भित्र पर्ने जग्गाको घरबाटो सिफारिस, कम्पनीको नाममा भएको जग्गाको घरबाटो सिफारिस, बैंक तथा सहकारी संस्थाहरुको घरबाटो सिफारिस समेत | प्रति आना रु ३५०० |
| १६. | सर्जमिन सेवा शुल्क | |
| | सर्जमिन सेवा शुल्क -अन्य) | ५०० |
| | सर्जमिन सेवा शुल्क (घर घडेरी सम्याउने प्रयोजनको लागि) | २००० |
| १७. | क्लव तथा गै.स.स. दर्ता सिफारिस दस्तुर | ५०० |
| १८. | नगरपालिकाको अमिन लगि व्यक्तिगत जग्गा छुट्याउन तथा जग्गा नापजाँच गर्नु परेमा | |
| | १ रोपनी सम्मको | रु २५०० |
| | १ रोपनी भन्दा बढी जग्गा भएमा प्रति रोपनी थप | रु २००० |



जीवन खत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| १९. | खानेपानीको लागि मिटर जडान सिफारिस दस्तुर (खानेपानी कार्यालयलाई) | |
| | व्यक्तिगत | २०० |
| | सामुहिक | ३०० |
| | व्यावसायिक तथा औद्योगिक | १००० |
| २० | कित्ताकाट सिफारिस (सिफारिसमा कित्ताकाट हुने जग्गाको क्षेत्रफल खुलाई कित्ताकाट हुने जग्गाको मात्र शुल्क लाग्ने) | |
| | आवासिय क्षेत्रको १३० वर्गमिटर सम्म रु १००००। - र सो भन्दा मथि थप प्रति आना रु १००० | |
| | व्यापारिक क्षेत्रको १३० वर्गमिटर सम्म रु १००००। - र सो भन्दा मथि थप प्रति आना रु २००० | |
| | कृषि प्रयोजन क्षेत्रको ५०० वर्गमिटर सम्म रु १०००। - र सो भन्दा मथि थप प्रति आना रु १०० | |
| | अंशवण्डा प्रयोजन १-०-०-० -एक रोपनी सम्म) रु १०००।- र सो भन्दा माथिको थप रु २५००।- | |
| | मोही बाँडफाँड  प्रयोजन १-०-०-० -एक रोपनी सम्म) रु १०००।- र सो भन्दा माथिको रु २५००।- | |
| | माथि उल्लेखित  बाहेक अन्य प्रकृतिका जग्गा कित्ताकाट सँग सम्बन्धित  सिफारिस रु १००००।- | |
| २१. | निवेदन दस्तुर | १० |
| २२. | जग्गाधनी पुर्जामा घर कायम सिफारिस दस्तुर | २५०० |
| | तीन पुस्ते प्रमाणित दस्तुर | ५०० |
| २३. | जग्गा धनी प्रमाण पूर्जा प्रतिलिपी सिफारिस दस्तुर | ५०० |
| २४. | धर्म पुत्र/पुत्री सिफारिस दस्तुर | २००० |
| २५. | अदालतबाट मुद्दा मिलापत्र, फैसला हक कायम सिफारिस दस्तुर | २००० |
| २६. | अंग्रेजी भाषामा सिफारिस दस्तुर | ५०० |
| २७. | नागरिकता प्रमाणपत्रको सिफारिस दस्तुर | निशुल्क |
| | नागरिकता प्रमाणपत्रको प्रतिलिपी सिफारिस दस्तुर | १०० |
| | **अङ्गीकृत तथा गैर आवासीय नागरिकता सिफासिर दस्तुर** | **१००००** |
| २८. | सम्पत्ति मूल्यांकन प्रमाणित -प्रति एक लाख) | १०० |
| २९. | चार किल्ला प्रमाणित -प्रति रोपनी) | १००० |
| ३०. | क. घरबाटो प्रमाणित -प्रति रोपनी) | २५०० |
| | ख. घर बाटो, चार किल्ला प्रमाणित अशंवण्डा प्रयोजनका लागि ५ रोपनी सम्म | १००० |
| | ग. घर बाटो, चार किल्ला प्रमाणित अशंवण्डा प्रयोजनका लागि ५ रोपनी भन्दा माथि | २५०० |
| | घ.जग्गा विकास स्वीकृति नलिइ नयाँ बाटो कायम गराई घरबाटो सिफारिस माग गरेमा प्रति आना -कायम भएको बाटो बाहेक जग्गाको मात्र शुल्क लाग्नेछ)* | १५००० |



जीवन खत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| | **ङ. बाटो नभएको जग्गामा नयाँबाटो कायम गर्ने सिफारिसमा नयाँ बाटोले छुने जग्गा( कुल क्षेत्रफल)को प्रतिआना (कायम भएको बाटो बाहेक जग्गाको मात्र शुल्क लाग्नेछ)** | **१५०००** |
| | नता प्रमाणित दस्तुर | |
| | मृत्यु पछि हकदार खुलेको | ३०० |
| ३१ | अन्य नाता प्रमाणित | ५०० |
| ३२. | लिखत प्रमाणित प्रति लाख | १५० |
| | **लिखत प्रमाणित (अंक नखुलेको)** | **१०००** |
| ३३. | जोत नामसारी, घरजग्गा नामसारी तथा दर्ता सिफारिस दस्तुर ( अंशवण्डा समेत) | |
| | एकापरिवार पाँच रोपनी सम्म | १००० |
| | एकापरिवार पाँच रोपनी वा सोभन्दा माथि | २५०० |
| | जोत लगत कट्टा, जोत छोडपत्र सिफारिस दस्तुर एकापरिवार वाहेक प्रति रोपनी | २००० |
| | जोत लगत कट्टा, जोत छोडपत्र सिफारिस दस्तुर | |
| ३४. | एकापरिवारभित्र पाँच रोपनीसम्म | १००० |
| | एकापरिवारभित्र पाँच रोपनी वा सोभन्दा माथि | २५०० |
| ३५. | अपुतालि, वेहकदार मोही लगत कट्टा सिफारिस दस्तुर प्रति रोपनी | १०००० |
| ३६. | शेष पछिको दा.खा. सिफारिस दस्तुर प्रति रोपनी | ५००० |
| ३७. | मोही जग्गा धनी बाँडफाँड सिफारिस दस्तुर प्रति रोपनी | १००० |
| ३८. | छुट जग्गा दर्ता नामसारी सिफारिस दस्तुर प्रति रोपनी (स्ववासी समेत) | १००० |
| | घर/जग्गा बकसपत्र सिफारिस | |
| ३९. | हालको बकसपत्र सिफारिस | १००० |
| | शेष पछिको बकसपत्र सिफारिस | २५०० |
| ४०. | धारा तथा ढल निकासको लागि बाटो खन्ने अनुमति/सिफारिस प्रति वर्ग मिटर | २००० |
| | विद्युत जडान सिफारिस दस्तुर | |
| | आवासिय प्रयोजन | ५०० |
| | कृषि व्यवसाय १५ किलोवाटसम्म | १००० |
| | उद्योग १५ किलोवाटसम्म | ५००० |
| ४१. | उद्योग १५ किलोवाटभन्दा माथि प्रति किलोवाट | ५०० |
| | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, जल उपभोक्ता समिति प्रति किलोवाट | ५०० |
| ४२. | व्यक्तिगत घटना दर्ता दस्तुर | (३५ दिनसम्म नि: शुल्क) |
| ४३. | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २०० |
| ४४. | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| ४५. | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० |



जीवन खत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| ४६. | परीक्षा दस्तुर | आधारभुत तहसम्म नि:शुल्क |
| ४७. | जनजाति सिफारिस शुल्क | १०० |
| ४८. | निवेदन दर्ता दस्तुर (न्यायिक समिति) | १०० |
| ४९. | आम्दानी रसिद प्रतिलिपी दस्तुर | १०० |
| ५०. | फर्म, कम्पनीहरु नगरपालिकामा सूचिकृत हुन चाहेमा | १००० |
| | रासायनिक मल विक्रेता (नगरपालिकाबाट अनुमति दर्ता/नविकरण) | १००० |
| | कृषक समुह दर्ता/नविकरण | ५०० |
| ५१. | सिफारिस दस्तुर | ५०० |
| | **विपन्न, दलित तथा छात्रवृत्ति सिफारिस** | **निशुल्क** |
| ५२. | फोटोकपी प्रतिलिपी प्रमाणित दस्तुर प्रति पाना | ५ |
| **५३.** | **विद्यालय तहवृद्धी सिफारिस दस्तुर** | |
| | **सामुदायिक विद्यालय** | **निशुल्क** |
| | **संस्थागत विद्यालय** | **५०००** |
| **५४.** | **विद्यालय सन्चालन अनुमति (सामुदायिक विद्यालय बाहेक)** | |
| | **क. शिशु स्याहार (मन्टेश्वरी)** | **२५०००** |
| | **ख. प्रारम्भिक बाल शिक्षा** | **२५०००** |
| | **ग. आधारभुत तह** | **३००००** |
| | **घ. माध्यमिक तह** | **३५०००** |
| **५५.** | **कक्षा थप अनुमति (सामुदायिक विद्यालय बाहेक)** | |
| | **आधारभुत तह** | **१००००** |
| | **माध्यमिक तह (९-१०)** | **१५०००** |
| | **माध्यमिक तह (११-१२)** | **२५०००** |
| **५६.** | **विद्यालय स्थानान्तरण, गाभ्ने तथा नाम परिवर्तन (सामुदायिक विद्यालय बाहेक)** | |
| | **क. शिशु स्याहार (मन्टेश्वरी)** | **१५०००** |
| | **ख. प्रारम्भिक बाल शिक्षा** | **१५०००** |
| | **ग. आधारभुत तह** | **२५०००** |
| | **घ. माध्यमिक तह** | **३००००** |
| **५७.** | **शिक्षक जिल्लान्तर सरुवा सिफारिस** | |
| | **क. आधारभुत तह** | **२५००** |
| | **ख. माध्यमिक तह** | **५०००** |
| ५८. | **स्वास्थ्य परीक्षण प्रयोगशाला (ल्याव) अनुमति दस्तुर** | **१००००** |
| ५९. | बैदेशिक अध्ययन गर्न जाने विद्यार्थीहरुको लागि सम्पत्ति मुल्याङ्कन वापत आर्थिक ऐन अनुसार एक पटक राजस्व अशुल गरे पश्चात सोही आ.व भित्र पुन:सम्पत्ति मुल्याङ्कन सिफारिस गर्दा थप शुल्क/दस्तुर लाग्ने छैन | |



जीवन खत्री
नगर प्रमुख

| | |
|---|---|
| ६०. | साविक गा वि स, वडा कार्यालय तथा नगरपालिकाले नयाँ बाटो खोलिएको हकमा सम्बन्धित जग्गाधनिले बाटोको लगतकट्टा गर्न माग गरेमा सो को सिफारिस निशुल्क उपलब्ध गराइनेछ । |

द्रस्टव्य : १. काठ , ढुंगा , ईट्टा र माटोको जोडाइबाट बनेका परम्परागत आवासिय घरका हकमा नि:शुल्क र व्यापारिक प्रयोजनका निम्ति निर्मित भवनमा ५० प्रतिशत शुल्क लाग्नेछ ।

२ . माथि उल्लेख भए बाहेकका कुनै सेवा वा क्षेत्रमा कर, शुल्क वा दस्तुर लगाउनुपर्ने अवस्थामा कार्यपालिकाले सम्बन्धित वर्गको मिल्दोजुल्दो दरमा तोके बमोजिम निर्धारण गरि असुल गरिनेछ । यसरी तोकिएको दरको निर्णय स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ ।

* आ व २०७४।०७५ (२०७४ श्रावणदेखि) नगरपालिकाबाट अनुमति नलिई नयाँ बाटो कायम भएका तथा प्लानिङ्ग भएका (सम्मानित अदालतको फैसला समेत बाट कित्ताकाट भई नयांबाटो कायम भएका जग्गा समेत) र करको दायरामा नआएका जग्गाहरुको हकमा त्यस्ता कित्ता जग्गाहरुको घरबाटो सिफारिस गर्दा एक पटकको लागि प्रतिआना रु १५०००।- (अक्षेरुपी पन्ध हजार रुपैया मात्र) का दरले राजश्व संकलन गरी करका दायरामा ल्याई घरबाटो सिफारिस दिइनेछ र त्यस्ता जग्गाहरुको छुट्टै लगत राखी दोस्रो पटक देखी घरबाटो सिफारिस गर्दा प्रति आना रु ३५००।- का दरले राजस्व संकलन गरी घरबाटो सिफारिस उपलब्ध गराइनेछ । **( नोट-नगरपालिकाबाट कित्ताकाट सिफारिस भई कित्ताकाट भएका जग्गामा यो व्यवस्था लागु हुने छैन)**

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -१४
(दफा १४ सँग सम्वन्धित)
**पर्यटन शुल्क**

चाँगुनारायण मन्दिर भित्र तथा नगरकोट पर्यटकीय क्षेत्रभित्र प्रवेश गर्ने विदेशी पर्यटकहरुलाई देहाय बमोजिम पर्यटन शुल्क लगाई असुल गरिने छ :

| पर्यटकको किसिम | शुल्कको दर रु |
|---|---|
| सार्क मुलुक | ३०० |
| सार्क बाहिर | ४०० |

अनुसूचि -१५
(दफा १५ सँग सम्वन्धित)
**विक्रीको दर**

| **सामाग्रीहरु** | **इकाई** | **विक्री दर रु** |
|---|---|---|
| वालुवा | प्रति घन फिट | १५ |
| माटो, पाँगो माटो | प्रति घन फिट | १० |
| पानी | ट्रक, टिपर, मिनि टाटा | २०० |
| | निसान | १५० |
| | ट्याक्टर | ५० |
| | जार (प्रति लिटर) | ०।०५ |
| | शुद्ध पानी प्रति लिटर ( वोतल) | ०।१० |
| नक्सा पास निवेदन फाईल | प्रति गोटा | १००० |
| बोधिचित्त (बुद्ध चित्तमाला निकासी) | मुल्यको | २ प्रतिशत |
| वोलपत्र वा दरभाउ पत्र फाराम | प्रति गोटा | रु १००० वा सो भन्दा माथि ( सार्वजनिक खरिद नियमावली अनुसार) |

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -१६

(दफा १५ को उपदफा (३) सँग सम्वन्धित)

**साधारण निर्माणमुखी खानीजन्य वस्तुहरुको उत्खनन्, संकलन र विक्री शुल्कको दर**

| सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|
| वालुवा ( स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | ९ |
| माटो, पाँगो माटो ( स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | ३।५० |
| ढुङ्गा ( स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | ९ |

अनुसूचि -१७

(दफा १५ को उपदफा (५) सँग सम्वन्धित)

**पाँगो माटो र काँचो ईटामा लाग्ने विक्री शुल्कको दर**

| **सामग्रीहरु** | **इकाई** | **विक्री शुल्कको दर रु** |
|---|---|---|
| नगर क्षेत्रबाट निकासी हुने पाँगो माटो | प्रति वर्ग फिट | १ |
| नगर क्षेत्रबाट निकासी हुने काँचो ईटा | प्रति गोटा | ०।१० |

अनुसूचि -१८

(दफा १७ सँग सम्वन्धित)

**सम्पत्ति भाडाको दर**

| **सम्पत्ति** | **भाडा दर रु** |
|---|---|
| ट्रिपर प्रति महिना (चालक, इन्धन वाहेक) | ७५००० |
| व्याक हो लोडर प्रति घण्टा (इन्धन वाहेक) | १००० |
| सार्वजनिक नगर पसल प्रति महिना | ६००० |
| नगरपालिकाको सभा हल - ठुलो (हेल्मेट डाँडा-तपोदम्फो) प्रति दिन भाडा | ६००० |
| नगरपालिकाको सभा हल -सानो (हेल्मेट डाँडा-तपोदम्फो) प्रति दिन भाडा | ३००० |

जीवन खत्री

नगर प्रमुख

अनुसूचि -१९

(दफा १८ को उपदफा (२) सँग सम्वन्धित)

**दण्ड जरिवानाको दर**

| क्र. सं. | कसूर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | खानी संचालन अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले उत्खनन् परिमाणभन्दा बढी उत्खनन् गरेमा वा खानी संचालन अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | १०,००० |
| ३ | जथाभावी फोहोर मैला निष्कासन गरेमा | पहिलो पटक रु. १००० त्यसपछि हरेक पटक दोब्बर रु. १,००,००० सम्म |
| ४ | निर्माण सामग्रीबाट सडक अवरोध गरेमा | पहिलो पटक रु. १००० त्यसपछि हरेक पटक दोब्बर रु. १०,००० सम्म |
| ५ | नगरपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | १,००० |
| ६ | नगरपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा वा म्याद भित्र बुझाउनु पर्ने विवरण नबुझाएमा | नगर कार्यपालिकाले निणर्य गरे बमेजिम रु. १,००,००० सम्म |
| ७ | विषादी रहित कृषि खेतीको अनुमति लिई सो बमोजिमको कार्य नगरेमा | १०,००० |
| ८ | अनुमति बिना सञ्चालित डोजर जफत भएमा | पहिलो पटक ५०,००० र सो भन्दा बढी प्रत्येक पटक ६०,००० थप |

९. अवैध वालुवा तथा माटो निकासी गरि पक्राउ गरिएका सवारी साधनको जरिवाना: प्रति टिपर जरिवाना रु ३,०००।- र विगो वापत रु ४०,०००।- गरी जम्मा रु ४३,०००।-, प्रति आइचर(मिनि टिपर) जरिवाना रु ३,०००।- रु विगो रु ३००००।- गरी जम्मा रु ३३०००।- निशान जरिवाना रु ३,०००।- रु विगो रु २५०००।- गरी जम्मा रु २८०००।-, दोस्रो पटक पनि सोही सवारी साधन पक्राउ परेमा माथि उल्लेख भएको विगोका साथै जरिवानामा रु १०,०००।- थपहुने साथै सोही सवारीसाधन तेस्रोपटक वा सो भन्दा बढी पटक पक्राउ परेमा विगो तथा जरिवाना दुवै दोव्वर लाग्नेछ । अवैध रुपमा संचालन भएका सवारी साधन नियन्त्रणमा लिई नगरपालिकामा बुझाउनेलाई विगो रकमको २५ प्रतिशत पुरस्कार दिइनेछ ।



जीवन खत्री
नगर प्रमुख

अनुसूचि -२०

(दफा १२ सँग सम्वन्धित)

**पानीको गुणस्तर परीक्षण शुल्क**

| सि न | खानेपानी परिक्षण सेवा | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयहरु | निःशुल्क | वार्षिक रुपमा ३ पटक (वर्षा अघि, वर्षाको समयमा र वर्षापछि) |
| २ | संस्थागत विद्यालयहरु तथा मन्टेश्वरी | ६५० | प्रति पटक |
| ३ | नगर अस्पताल र सरकारी स्वास्थ्य संस्थाहरु | निःशुल्क | वार्षिक रुपमा ३ पटक (वर्षा अघि, वर्षाको समयमा र वर्षा पछि) |
| ४ | संस्थागत अस्पताल तथा स्वास्थ्य संस्थाहरु तथा अन्य संघ संस्थाहरु | १२५० | प्रति पटक |
| ५ | नगरपालिका अन्तर्गतको वडा कार्यालयहरु र अन्य मातहतकाको कार्यालयहरु | निःशुल्क | प्रति पटक |
| ६ | खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु | १२५० | प्रति पटक |
| ७ | होटल, जार तथा बोतल पानी उत्पान गर्ने कम्पनीहरु तथा अन्य कम्पनीहरु | १२५० | प्रति पटक |
| ८ | नगरपालिका भित्रका घरधुरीहरु | ३०० | प्रति पटक |
| ९ | नगरपालिका क्षेत्र बाहिरका घरधुरीहरु | १२५० | प्रति पटक |
| १० | अन्य संघ संस्थाहरु | १२५० | प्रति पटक |
| ११ | बिपन्न नागरिकहरु | निःशुल्क | वडा कार्यालय सिफारिसको आधारमा |

जीवन खत्री
नगर प्रमुख

अनुसूचि -२१

(दफा १२ सँग सम्वन्धित)

**सरसफाइ सेवा शुल्क**

| क.स. | फोहोर संकलन विवरण | शुल्क (रु) |
|---|---|---|
| १ | आवासिय क्षेत्रका घरधुरी हप्तामा २ दिन (एक परिवार प्रति महिना घर भाडामा भए प्रति परिवार रु. ५० थप) | २०० |
| २ | व्यवसायिक पसल कबल १ दिन बिराएर प्रति पसल प्रति महिना | ३०० |
| ३ | बैकहरु प्रति महिना (१ दिन बिराएर) | ५०० |
| ४ | संघसंस्थाहरु प्रति महिना (१ दिन बिराएर) | २०० |
| ५ | सरकारी कार्यालयहरु प्रति महिना (१ दिन बिराएर) | निशुल्क |
| ६ | चियानास्ता पसल प्रति महिना (१ दिन बिराएर) | ३०० |
| ७ | खाना खाजा होटल प्रति महिना (१ दिन बिराएर) | ३०० |
| ८ | होटल तथा गेष्ट हाउस प्रति महिना (१ दिन बिराएर) | ३००० देखि ५०००। |
| ९ | तारे होटलहरु प्रति महिना (१ दिन बिराएर) | १०,००० देखि माथि |
| १० | माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) - सानो | ३००। |
| ११ | माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) - मझौला | ५०० |
| १२ | माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) - ठुलो | ७०० |
| १३ | व्यवसायिक महलहरु, होटल बाहेकका सटरहरु प्रति महिना (१ दिन बिराएर) | २०० थप १०० |
| १४ | ग्यारेज प्रति महिना (१ दिन बिराएर) | २०० |
| १५ | मोटर पार्टस पसल प्रति महिना (१ दिन बिराएर) | ५०० |
| १६ | निजि शैक्षिक संस्थाहरु प्रति महिना (१ दिन बिराएर) | ५०० |
| १७ | सरकारी शैक्षिक संस्थाहरु प्रति महिना (१ दिन बिराएर) | निशुल्क |
| १८ | तरकारी तथा फलफल होल्सेल पसल प्रति महिना (१ दिन बिराएर) | ५०० |
| १९ | तरकारी तथा फलफल खुद्रा पसल प्रति महिना (१ दिन बिराएर) | ५०० |



जीवन खत्री
नगर प्रमुख

| क.स. | फोहोर संकलन विवरण | शुल्क (रु) |
|---|---|---|
| २० | हार्डवेयर पसल प्रति महिना (१ दिन बिराएर) | ५०० |
| २१ | पार्टी प्यालेस मासिक प्रति महिना (१ दिन बिराएर) | ५०० |
| २२ | पोलिक्लिनिक मेडिकल प्रति महिना (१ दिन बिराएर) | ५०० |
| २३ | निजी अस्पताल प्रति महिना (१ दिन बिराएर) | आपसी |
| २४ | उद्योग कलकारखाना साना मझौला प्रति महिना (१ दिन बिराएर) | ७५० |
| २५ | उद्योग कलकारखाना ठूला प्रति महिना (१ दिन बिराएर) | १००० |
| २६ | ह्याचरी कुखुरा फार्म प्रति महिना (१ दिन बिराएर) | आपसी समझदारी |
| २७ | तरकारी फार्म प्रति महिना (१ दिन बिराएर) | ५०० |
| २८ | कृषि फार्म प्रति महिना (१ दिन बिराएर) | ५०० |
| २९ | डेरी प्रति महिना (१ दिन बिराएर) | २,५०० |
| ३० | औषधि कारखाना प्रति महिना (१ दिन बिराएर) | ३,००० |
| ३१ | प्लाई उद्योग प्रति महिना (१ दिन बिराएर) | १,५०० |
| ३२ | फर्निचर प्रति महिना (१ दिन बिराएर) | आपसी समझदारी |
| ३३ | ईट्टा उद्योग प्रति महिना (१ दिन बिराएर) | २,००० |
| ३४ | पानी उद्योग प्रति महिना (१ दिन बिराएर) | १,५०० |
| ३५ | गार्मेन्ट उद्योग सानो प्रति महिना (१ दिन बिराएर) | ५०० |
| ३६ | गार्मेन्ट उद्योग ठूलो प्रति महिना (१ दिन बिराएर) | १,००० |
| ३७ | साना मझौला उद्योग प्रति महिना (१ दिन बिराएर) | ५०० |
| ३८ | पुल हाउस प्रति महिना (१ दिन बिराएर) | ३०० |
| ३९ | सैलुन व्युटिपार्लर प्रति महिना (१ दिन बिराएर) | ३०० |
| ४० | कस्मेटिक पत्रिका कपडा पसल प्रति महिना (१ दिन बिराएर) | ३०० |
| ४१ | नगर क्षेत्र भित्रको प्रमुख सार्वजनिक स्थलहरु र मठ मन्दिरहरु प्रति महिना (१ दिन बिराएर) | निशुल्क |
| ४२ | नगर क्षेत्र भित्रको सरकारी-स्वास्थ्य संस्थाहरु (१ दिन बिराएर) (हानिकारक फोहोरमैला बाहेक) | निशुल्क |
| ४३ | नगरपालिका र वडा कार्यालयहरु (१ दिन बिराएर) | निशुल्क |

- माथि उल्लेख गर्न छुट भएका अन्य कुनै प्राकृतिको व्यवसाय भएमा सोको हकमा फोहोरमैलाको मात्राको आधारमा आपसि सहमतिमा दररेट निर्धारण गरिनेछ ।
- निर्मलिकरण गरेको अस्पतालजन्य फौहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा आपसि सहमतिमा दररेट निर्धारण गरिनेछ

जीवन खत्री
नगर प्रमुख